# मन्त्रिपरिषद् बैठक २०७६

| एजेन्डा | प्रस्ताव पेश गर्ने | निर्णय |
|---|---|---|
| | बैठक संख्या १/७६ मिति २०७६/०१/०८ | |
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सम्माननीय राष्ट्रपतिज्यूको मिति २०७६/०१/११ गते देखि मित्रराष्ट्र चीनको राजकीय भ्रमणमा नेपाली प्रतिनिधिमण्डलमा सहभागी भई मिति २०७६/०१/११ मा मित्रराष्ट्र चीनतर्फ जान लाग्नु भएकोमा माननीय मुख्य मन्त्रीज्यूलाई प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७५/०१/०८ गते बसेको बैठकले शुभकामना प्रस्ताव पारित गर्ने। |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुखबाट प्रदेश सभाको अधिवेशनको अन्त्य मिति २०७६/०१/१० गते राती १२:०० बजे देखी गर्नको लागि माननीय प्रदेश प्रमुखलाई सिफारिश गर्ने। |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | प्रदेश नीति तथा योजना आयोगको सदस्यमा वीरेन्द्रनगर-१, चितवन वस्ने डा. यमुना कडेल खनाललाई नियुक्त गर्ने। |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | हेटौंडा उपमहानगरपालिका-१५ स्थित प्रस्तावित अटोभिलेज क्षेत्रको छेउमा पर्ने नापी कार्यालय, मकवानपुरको फिल्डबुक अभिलेख अनुसार कित्ता नम्वर ८१ को पूर्वतर्फ जङ्गल बुटेन, पश्चिमतर्फ जङ्गल बुटेन, उत्तरतर्फ जङ्गल बुटेन, दक्षिणतर्फ जङ्गल बुटेन र कि.नं.८२ को पूर्वतर्फ खोल्सी, पश्चिमतर्फ जङ्गल बुटेन, उत्तरतर्फ जङ्गल बुटेन, दक्षिणतर्फ जङ्गल बुटेन र कित्ता नम्वर ८१ मा जग्गाधनी महलमा स्कुल र ८२ मा जग्गाधनी महलमा टेकबहादुर लामा रहेको २०(बीस) बिगाह जग्गा नेपाल सरकारको नाममा दर्ता गरि ३० (तीस) वर्षको लागि हेटौंडा उपमहानगरपालिकालाई लिजमा उपलब्ध गराउन नेपाल सरकारमा सिफारिस गर्न स्वीकृति दिने। |
| ५ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विभूषण तथा सम्मान र पदक सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ४७ स्थानीय तहलाई अनुसूचीमा लेखिएका शर्त बमोजिम प्रति दमकल रु. ६० लाख, प्रति एम्बुलेन्स रु. १६ लाख र प्रति शव वाहन रु. १५ लाखका दरले खरिद गर्न हुन आउने जम्मा रु.१० करोड ५७ लाख सशर्त अनुदान रकम उपलब्ध गराउन स्वीकृति दिने। |
| ७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | लोगो सहितको "Paradise Province ३: Crafted Heaven in Nepal" लाई प्रदेश नं.३ को पर्यटन ब्राण्ड नाम बनाउन स्वीकृति दिने। |
| | बैठक संख्या २/७६ मिति २०७६/०१/०९ | |
| ८ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | प्रदेश सभाको चौथो अधिवेशन मिति २०७६/०१/३० गते दिनको १:०० वजे आव्हान गर्न माननीय प्रदेश प्रमुखलाई अनुरोध गर्ने। |
| | बैठक संख्या ३/७६ मिति २०७६/०१/२५ | |
| ९ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | यस प्रदेशको आ.व. ०७४/०७५ को लेखापरीक्षण प्रतिवेदन प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| १० | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकारले प्रदेशस्थीत साझा यातायात सहकारी संस्था लि.को सदस्यता प्राप्त गर्ने र बढीमा रु.३० करोड शेयर लगानी सुनिश्चित गर्ने कार्य गरी सदस्यता प्राप्ती पश्चात आवश्यक कार्यविधि पारित गरी कार्यान्वयन प्रकृया अगाडी बढाउने। |
| ११ | सामाजिक विकास मन्त्रालय | सामाजिक विकास मन्त्रालय मातहत रहने जनस्वास्थ्य प्रयोगशाला, स्वास्थ्य तालीम केन्द्र, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य निर्देशनालय अन्तर्गत रहने १३ वटा स्वास्थ्य कार्यालयहरुको नेपाली तथा अंग्रेजी नाम (साइनबोर्ड) र छाप स्वीकृत गर्ने। |
| १२ | सामाजिक विकास मन्त्रालय | मन्त्रिपरिषद, प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने। |
| | बैठक संख्या ४/७६ मिति २०७६/०१/३१ | |
| १३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | नेपालको संविधानको धारा १८४ को उपधारा (२) र प्रदेश सभा नियमावली, २०७४ को नियम ३५ को उपनियम (१) बमोजिम यसै साथ संलग्न आ.व. ०७६/७७ को नीति तथा कार्यक्रम प्रदेश सभाको बैठकलाई मिति २०७६/०२/१४ गते दिनको २:३० बजे सम्बोधन गर्न माननीय प्रदेश प्रमुखलाई अनुरोध गर्ने। |
| १४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | विनियोजन विधेयक, २०७६ को सिद्धान्त र प्राथमिकता स्वीकृत गर्ने। |
| १५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सार्वजनिक, निजी, सहकारी साझेदारी विधेयक, २०७६ तर्जुमा गर्न मस्यौदा स्वीकृति प्रदान गर्ने। |
| १६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १. स्थानीय उपज प्रवर्द्धनको लागि प्रदर्शनी तथा सपीङ्ग (विक्रि) केन्द्र स्थापना तथा सञ्चालन कार्यक्रमलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने।<br>२.धादिङ्ग जिल्ला गल्छी गापा-४ मासटारमा रहेको राष्ट्रिय वन क्षेत्रको २.५ हेक्टर (५० रोपनी) वन क्षेत्र स्थानीय उपज बिक्रि केन्द्र स्थापना गर्नको लागि प्रदेश सरकारलाई प्रयोग गर्न उपलब्ध गराउन नेपाल सरकारसंग अनुरोध गर्ने। |

| एजेन्डा | प्रस्ताव पेश गर्ने | निर्णय |
|---|---|---|
| १७ | प्रशासन तथा विधेयक समिति | मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिबाट पेश भएको परिमार्जित प्रदेश खेलकुद विकास नियमावली, २०७६ स्वीकृत गर्ने। |
| बैठक संख्या ५/७६ मिति २०७६/०२/१२ | | |
| १८ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | मिति २०७६/०२/१४ गतेको प्रदेश सभाको बैठकमा माननीय प्रदेश प्रमुख मार्फत प्रदेश सरकारको आ.व.२०७६/०७७ को नीति तथा कार्यक्रम सम्बोधन हुन माननीय मुख्यमन्त्रीज्यू मार्फत प्रदेश प्रमुख समक्ष पेश गर्ने। |
| १९ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | प्रदेश विकास परिषद्मा २५ जना व्यक्तिहरुलाई सदस्यमा मनोनयन गर्ने। |
| बैठक संख्या ६/७६ मिति २०७६/०३/०१ | | |
| २० | आर्थिक मामिला तथा योजना मन्त्रालय | आ.व. २०७६/७७ को राजस्व र व्ययको विवरण,आर्थिक विधेयक र विनियोजन विधेयकको मस्यौदा स्वीकृत गर्ने। |
| बैठक संख्या ७/७६ मिति २०७६/०३/०९ | | |
| २१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १.आगामी जुलाई ४-८ सम्म माननीय मुख्यमन्त्रीज्यूको नेतृत्वमा मित्रराष्ट्र चीनको भ्रमण गर्ने प्रतिनिधिमण्डलको भ्रमण स्वीकृतिका लागि संघीय सरकार समक्ष सिफारिस गरी पठाउने।<br>२.प्रतिनिधिमण्डलका सदस्यहरुको आतेजाते हवाई टिकट खर्च, कानुन बमोजिमको पकेट खर्च र प्रतिनिधिमण्डलका नेताले पाउने नियमानुसारको भइपरी खर्च प्रदेश सरकारको स्रोतबाट व्यहोर्ने,<br>३.खण्ड (ख) वमोजिमको खर्चका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले मुख्यमन्त्री तथा  मन्त्रिपरिषद्को कार्यालयको नाउँमा निकासा दिने । |
| २२ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | प्रदेश लोकसेवा आयोग विधेयक, २०७६  तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने |
| २३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | माननीय मुख्यमन्त्रीज्यूको मित्रराष्ट्र चीन भ्रमणका लागि ४०० अमेरिकी डलर (US $४००) भैपरी खर्च बापत उपलब्ध गराउन स्वीकृति दिने। |
| २४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६ स्वीकृत गर्ने। |
| २५ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारमा रहेका मौजुदा कर्मचारीहरुबाट नै कार्यसञ्चालन गर्दै जाने गरी सञ्चार रजिष्ट्रारको कार्यालयको अस्थायी दरबन्दी, कार्य विवरण, सङ्गठन संरचना, छाप, साइन बोर्ड र लेटरप्याडको ढाँचा स्वीकृत गर्ने। |
| २६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश पर्यटन विधेयक, २०७६ को मस्यौदा तयारीका लागि सिद्धान्त स्वीकृति दिने। |
| २७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको सङ्गठन संरचनामा कार्यालय सहयोगी २ र ह.स.चा. १ थप गर्ने। |
| २८ | सामाजिक विकास मन्त्रालय | प्रदेश खेलकूद विकास परिषद्को सदस्य-सचिव सहित जम्मा ६ सदस्यहरुको मनोनयन |
| २९ | सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारमा रहेका कर्मचारीहरुबाटनै कार्यसञ्चालन गर्दै जानेगरी प्रदेश खेलकूद विकास परिषदको सङ्गठन संरचना,अस्थायी दरवन्दी,कार्यविवरण र परिषद्को छाप तथा साइन बोर्ड स्वीकृत गर्ने। |
| ३० | सामाजिक विकास मन्त्रालय | बाल विवाह अन्त्य सम्बन्धी प्रादेशिक रणनीति, २०७६ स्वीकृत गर्ने |
| ३१ | सामाजिक विकास मन्त्रालय | प्रदेश विश्वविद्यालय स्थापना सम्बन्धी अध्ययन तथा सिफारिस कार्यदलको प्रतिवेदन ग्रहण गर्ने र प्रतिवेदन समेतको आधारमा विश्वविद्यालय स्थापना र सञ्चालनको लागि उपयुक्त खाका पेश गर्न स्वीकृति दिने। |
| बैठक संख्या ८/७६ मिति २०७६/०३/२६ | | |
| ३२ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रचलित कानून अनुसार दर्ता भई नविकरण गराउनु पर्ने समयावधी भित्र नविकरण गराउन नसकेका प्राइभेट फर्मका धनीले समयमा नै नविकरण गराउन नसकेको मनासिव कारण खुलाई २०७६ असोज मसान्त भित्र नविकरण गराउनको लागि दर्खास्त दिएमा प्रइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को नियम (१०)१ अनुसारको दस्तुर र जरिवाना लिई नविकरण गर्न स्वीकृत दिने। |
| बैठक संख्या ९/७६ मिति २०७६/०४/०६ | | |
| ३३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष  डा.खिमलाल देवकोटाले पदबाट दिएको राजिनामा मिति २०७६/०४/०१ देखी लागू हुने गरी स्वीकृत गर्ने। |
| ३४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ स्वीकृत गर्ने। |
| ३५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्वास्थ्य सेवाका एघारौं तहका ३ जना कर्मचारीहरुको पदस्थापन गर्ने। |
| ३६ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तहमा कानूनी सहजकर्ता नियुक्ति सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने। |
| ३७ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | द्वन्द्व प्रभावित परिवारलाई सहायत गर्ने सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने। |
| ३८ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश राजपत्र प्रकाशन सम्बन्धी निर्देशिका, २०७६ स्वीकृत गर्ने। |

| एजेन्डा | प्रस्ताव पेश गर्ने | निर्णय |
|---|---|---|
| ३९ | आर्थिक मामिला तथा योजना मन्त्रालय | आर्थिक वर्ष २०७५/७६ मा दमकल, एम्बुलेन्स तथा शववाहन खरिद गर्न स्थानीय तहहरुलाई वित्तीय हस्तान्तरण गरिएको सशर्त अनुदानबाट खरिद कार्य सम्पन्न नभएका स्थानीय तहका हकमा आ.व. ०७६/७७ को प्रथम चौमासिक अवधिसम्म खरिद गर्न समय थप गर्ने। |
| ४० | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १. प्रदेश सरकारको नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण नहुंदासम्म यसैसाथ संलग्न अनुसूची -१ बमोजिमको दरबन्दी तेरीज अनुसार कर्मचारी रहने गरी २०७६ साउन १ गतेदेखी अस्थाई उपत्यका पर्यटन कार्यालय स्थापना गरी संचालन गर्ने ।<br>२. उल्लेखित कार्यालयका लागि संलग्न अनुसूची-१ बमोजिमका कर्मचारीहरु हाल उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र अन्तरगत कार्यालयमा कार्यरतबाट कामकाज गर्न खटाउने गरी व्यवस्था मिलाउने। |
| ४१ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | यस मन्त्रालय र Chengdu Institute of Biology, Chinese Academy of Sciences बीच गरिने समझदारी पत्रमा हस्ताक्षर को लागि समझदारी पत्र (Memorandum of Understanding) को मस्यौदा स्वीकृतिका लागि नेपाल सरकारको सहमतिका लागि अनुरोध गर्ने । |
| ४२ | सामाजिक विकास मन्त्रालय | १. सार्वजनिक निर्माण कार्यान्वयन ईकाइ धुलिखेल, काभ्रेको नाम परिवर्तन गरी सार्वजनिक निर्माण कार्यान्वयन ईकाइ, काभ्रे राखे ।<br>२.सार्वजनिक निर्माण कार्यान्वयन इकाई, गजुरी, धादिङ र काभ्रेको समयावधी सम्वत् २०७७ असार मसान्तसम्म थप गर्ने ।<br>३.यसै प्रस्ताव साथ पेश भएको सार्वजनिक निर्माण कार्यान्वयन इकाईको संशोधित दरवन्दी तेरिज स्वीकृत गर्ने । |
| ४३ | सामाजिक विकास मन्त्रालय | एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" स्वीकृत गर्ने । |
| ४४ | शोक प्रस्ताव | माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामाज्यूको धर्मपत्नी श्री कान्छीमाया लामाज्यूको निधनमा शोक प्रस्ताव पारित। |
| **बैठक संख्या १०/७६ मिति २०७६/०४/१०** | | |
| ४५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | आर्थिक वर्ष २०७५/७६ मा दमकल, एम्बुलेन्स तथा शववाहन खरिद गर्न स्थानीय तहहरुलाई वित्तीय हस्तान्तरण गरिएको सशर्त अनुदानबाट २०७६ असार मसान्तसम्म खर्च नभई बाकि रहेको सम्पूर्ण रकम २०७६/०४/१५ गते भित्र प्रदेश संचित कोषमा जम्मा गर्न निर्देशन दिने। |
| **बैठक संख्या ११/७६ मिति २०७६/०४/१४** | | |
| ४६ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची ३ को द्रष्टव्य १ लाई सट्टा "(१) स्वकीय सचिवालयका कर्मचारीले प्रदेशका समान तहका कर्मचारीले पाए सरहको शुरु स्केल अनुसारको तलब, महंगी भत्ता, चाडपर्व खर्च र पोसाक सुविधा पाउनेछन्।" |
| ४७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | लाकुरी भञ्ज्याङ्ग - पनौती- नमोबुद्ध सडक निर्माण ठेक्काको बोलपत्रदाता श्री बज्रगुरु कन्स्ट्रक्सन प्रा.लि.लाई बोलपत्र मूल्याङ्कन प्रकृयामा समावेश नगराउने। |
| ४८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ लाई संशोधन (पहिलो) गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने । |
| ४९ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | मन्त्रालय र Chengdu Institute of Biology, Chinese Academy of Sciences बीच समझदारी पत्रमा हस्ताक्षरका लागि समझदारी पत्र (MOU) को मस्यौदा स्वीकृतिका लागि नेपाल सरकारको सहमतीका लागि अनुरोध गर्ने। |
| ५० | ठाडो प्रस्ताव | २०७६ साल आषाढ महिना देखी हालसम्मको वर्षादको कारण आएको बाढिपहिरोबाट घरबार विहीन भएका प्रदेश नं. ३ का बाढिपहिरो पीडितहरुलाई सहयोग स्वरुप मुख्यमन्त्री र मन्त्रीहरुको दश दिनको पारिश्रमीक वरावर हुने जम्मा रकम एक लाख पाँच हजार रुपैया प्रदेश विपद व्यवस्थापन कोषमा जम्मा गर्ने। |
| **बैठक संख्या १२/७६ मिति २०७६/०५/०४** | | |
| ५१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोकसेवा आयोगको गठन, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ५२ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ५३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश एकिकृत अनुदान व्यवस्थापन कार्यविधि,२०७६ को मस्यौदा स्वीकृत गर्ने। |
| ५४ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको पर्यटन विकास आयोजनाको लागि यसैसाथ संलग्न अनुसूची -१ बमोजिमको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| **बैठक संख्या १३/७६ मिति २०७६/०५/२४** | | |
| ५५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुखबाट प्रदेश सभाको अधिवेशनको अन्त्य मिति २०७६/०५/२५ गते राती १२:०० बजे देखी गर्नको लागि माननीय प्रदेश प्रमुखलाई सिफारिश गर्ने। |

| एजेन्डा | प्रस्ताव पेश गर्ने | निर्णय |
|---|---|---|
| ५६ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | यस मन्त्रालयका माननीय मन्त्री ज्यू र सचिव तथा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव बालकृष्ण घिमिरेज्यूको जापानको Toba City, Environmental Division Resource, Recycling Section बाट निमन्त्रणा भएको कार्यक्रममा सहभागिताको लागि संघीय र प्रदेश सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी भ्रमण कार्यक्रम स्वीकृत गर्ने। |
| **बैठक संख्या १४/७६ मिति २०७६/०६/०७** | | |
| ५७ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सार्वजनिक खरिद (पहिलो संसोधन) नियमावली, २०७६ स्वीकृत गर्ने । |
| ५९ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेशमा कार्यरत निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने । |
| ६० | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | रामेछाप जिल्ला, खाँडादेवी गाउँपालिकाको वडा नं.२ र ६ को सिमानामा रहेको हिलेचौर, चुल्ठेपानी(सविक वडा नं.४), बोहोरा टोल र राय गाउँ(साविक वडा नं.७)लाई गाउँपालिकाको हालको वडा नं.६ मा कायम गर्न नेपाल सरकारलाई सिफारिस गर्ने। |
| ६१ | भौतिक पूर्वाधार विकास मन्त्रालय | गुर्जे भञ्याङ्ग - शिवपुरी - समुन्द्रादेवी - पुरानो गा.वि.स. भवन टोल - रातोमाटे देखि लिखु पूल - महाकाली - कुखुरे - माने भञ्याङ्ग - दुप्चेश्वर सडक निर्माण ठेक्काको बोलपत्रदाता श्री बज्रगुरु कन्स्ट्रक्सन प्रा.लि.लाई बोलपत्र मूल्याङ्कन प्रकृयामा समावेश नगराउने। |
| ६२ | सामाजिक विकास मन्त्रालय | प्रदेश युवा परिषद् विधेयक तर्जुमा सम्बन्धमा तयार गरिएको अवधारणापत्रमा सैद्धान्तिक स्वीकृति दिने। |
| ६३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को मस्यौदा स्वीकृती प्रदान गर्ने। |
| **बैठक संख्या १५/७६ मिति २०७६/०६/१५** | | |
| ६४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संगठन संरचना तथा दरबन्दी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६" स्वीकृत गर्ने। |
| ६५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | रामेछाप जिल्लाको दोरम्बा गाउँपालिकाको वर्तमान नाम "दोरम्बा गाउँपालिका" रहेकोमा उक्त नामलाई परिवर्तन गरी गाउँपालिकाको नाम "दोरम्बा सैलुङ गाउँपालिका" कायम गर्न नेपाल सरकारलाई सिफारिश गर्ने। |
| ६६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | VISIT नेपाल २०२० लाई प्रदेश नं ३ मा प्रभावकारी बनाउन सहजीकरण गर्ने कार्यविधि, २०७५ (पहिलो संशोधन, २०७६) स्वीकृत गर्ने । |
| ६७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | आ.व. २०७६/०७७ को लागि जनता आवाश कार्यक्रमको अधिकृतस्तरको अस्थायी दरबन्दी विवरण स्वीकृत गर्ने। |
| ६८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ स्वीकृति प्रदान गर्ने । |
| ६९ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने |
| ७० | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने |
| **बैठक संख्या १६/७६ मिति २०७६/०७/०५** | | |
| ७१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जिल्ला समन्वय समितिलाई उपलब्ध गराईने बजेट तथा अनुदान रकम खर्च सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने। |
| ७२ | आर्थिक मामिला तथा योजना मन्त्रालय | संघीय समपूरक अनुदानका लागि प्रस्तावित भौतिक पूर्वाधार विकास मन्त्रालय, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र समाजिक विकास मन्त्रालयका कुल ३० आयोजना तथा कार्यक्रमहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत राष्ट्रिय योजना आयोगमा अनलाईन पेश गर्नका लागि स्वीकृति प्रदान गर्ने। |
| ७३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | संघीय विशेष अनुदानका लागि प्रस्तावित भौतिक पूर्वाधार विकास मन्त्रालय तथा समाजिक विकास मन्त्रालयका कुल ५ आयोजना तथा कार्यक्रमहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत राष्ट्रिय योजना आयोगमा अनलाईन पेश गर्नका लागि स्वीकृति प्रदान गर्ने। |
| ७४ | सामाजिक विकास मन्त्रालय | आ.व. २०७६/०७७ को लागि व्यवसायिक तथा सीप विकास तालिम केन्द्रको अधिकृतस्तरको अस्थायी दरबन्दी विवरण स्वीकृत गर्ने। |
| **बैठक संख्या १७/७६ मिति २०७६/०७/२९** | | |
| ७५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सुशासन विधेयक, २०७६ तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने। |
| ७६ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूचीमा हेरफेर सम्वत् २०७६ साउन १ गते देखि लागू हुने गरी स्वीकृति दिने।( पारिश्रमिक बृद्धि) |
| ७७ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०६/२२ गतेको निर्णय बमोजिम ठेक्का सम्झौता भई निर्माणको क्रममा रहेका प्रदेश नं.३ अन्तर्गतका संघीय प्रहरी ईकाइहरुको भवन निर्माण गर्न आ.व. २०७६/७७ को लागि विनियोजन भएको प्रहरी चौकी भवन निर्माण (ख.शि.न.३११५९)को बजेट बाट सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरु र मध्यक्षेत्रिय सशस्त्र प्रहरी गण नं.३, रातोमाटेलाई निकासा गर्न सैद्वान्तिक सहमति दिने। |

| एजेन्डा | प्रस्ताव पेश गर्ने | निर्णय |
|---|---|---|
| ७८ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सभाका पदाधिकारीहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन,२०७५ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी अनुसूची-१ र अनुसूची-२ को द्रष्टव्य-१ मा हेरफेर गरी प्रदेश सभाका पदाधिकारी र सदस्य तथा स्वकीय सचिवालयका कर्मचारीको पारिश्रमिक र सुविधा संवत २०७६ साउन १ गते देखि लागू हुने गरी वृद्धि गर्न स्वीकृति दिने। |
| ७९ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १. संलग्न सशर्त अनुदान अन्तर्गतका योजना/कार्यक्रम संचालन सम्बन्धी मापदण्ड स्वीकृत गर्ने।<br>२. स्वीकृत मापदण्ड अनुसार योजना/कार्यक्रमहरुलाई सशर्त अनुदान आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत वितरण गर्ने व्यवस्था गर्ने। |
| **बैठक संख्या १८/७६ मिति २०७६/०८/०५** | | |
| ८० | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) अध्यादेश, २०७६ जारी गर्न सैद्धान्तिक सहमतिको लागि तयार गरिएको अवधारणा पत्रलाई स्वीकृत गरी प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) अध्यादेश, २०७६ जारी गर्न प्रदेश प्रमुख समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ८१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोक सेवा आयोगको अस्थायी सङ्गठन संरचना तथा सोही अनुसारको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ८२ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | "प्रदेश यातायात निगम लिमिटेडको स्थापना गर्न", "प्रदेश पूर्वाधार निर्माण कम्पनी लिमिटेडको स्थापना गर्न" र "मुना कृषि लिमिटेडमा प्रदेश सरकारले दश प्रतिशत शेयर लगानी गर्न" कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गर्नको लागि सहमति लिन नेपाल सरकारलाई अनुरोध गर्ने। |
| ८३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | चालु आ.व.का लागि प्रदेश सरकारको समपुरक अनुदानबाट संचालन हुने ७४ वटा योजनाहरु स्वीकृत गर्ने। |
| ८४ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | यस मन्त्रालय र Chinese Academy of Agricultural Mechanization Sciences बीच हस्ताक्षर भएको समझदारी पत्रको कार्यान्वयनका लागि सहजीकरण गर्न गठन हुने Steering Committee र Terms of Reference(TOR) को मस्यौदा स्वीकृत गर्ने । |
| ८५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिबाट परिमार्जित आर्थिक कार्यविधि नियमावली, २०७६ स्वीकृत गर्ने |
| ८६ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिबाट परिमार्जित प्रदेश दुग्ध विकास बोर्ड विनियमावली,२०७६ स्वीकृत गर्ने |
| **बैठक संख्या १९/७६ मिति २०७६/०८/२३** | | |
| ८७ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश अनुसन्धान व्यूरो (गठन तथा सञ्चालन) सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक तर्जुमा सम्बन्धमा तयार गरिएको अवधारणापत्र स्वीकृत गर्ने |
| ८८ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | संगठन तथा व्यवस्थापन सर्वेक्षण भई स्थायी संगठन संरचना तथा दरबन्दी स्वीकृतनभए सम्म आ.व. २०७६/७७ को श्रावण १ गते देखि नै लागु हुने गरी सञ्चार रजिष्ट्रको कार्यालयको अस्थायी संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने । |
| ८९ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सार्वजनिक-निजी-साझेदारी विज्ञको रुपमा ओखलढुङ्गा निवासी प्राध्यापक विष्णु बहादुर लुईटेललाई मनोनयन गर्ने । |
| ९० | भौतिक पूर्वाधार विकास मन्त्रालय | जनता आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६ स्वीकृती गर्ने । |
| ९१ | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि)(पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृति गर्ने । |
| ९२ | सामाजिक विकास मन्त्रालय | आ.व. २०७६/०७७ को लागि व्यवसायिक तथा सीप विकास तालिम केन्द्रको अधिकृतस्तरको अस्थायी/करार दरबन्दी विवरण स्वीकृत गर्ने। |
| ९३ | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन कार्यविधि,२०७६ स्वीकृत गर्ने। |
| ९४ | सामाजिक विकास मन्त्रालय | अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेश स्तरीय समितिको गठन गर्ने तथा काम, कर्तव्य र अधिकार तोक्ने। |
| ९५ | सामाजिक विकास मन्त्रालय | तेह्रौं साग (SAG) प्रतियोगितामा प्रति स्वर्ण, रजत र कास्य पदक हासिल गर्ने प्रदेश नं.३ भित्र स्थायी बसोबास भएका खेलाडीलाई पदक हासील गरे बापत प्रति पदक क्रमश रु एक लाख, रु पचास हजार र रु पच्चीस हजार नगद पुरस्कार प्रदान गर्ने। |
| **बैठक संख्या २०/७६ मिति २०७६/०९/१०** | | |
| ९६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | वन ऐन, २०७६ को दफा ६२ को उपदफा (१) को प्रयोजनको लागि एक वर्षसम्म कैद सजाय हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात गर्न नेपाल वन सेवा, जनरल फरेष्ट्री समूहको कम्तिमा सहायकस्तर पाँचौ तह रेन्जर पदको कर्मचारीलाई तोक्ने। |
| ९७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सिन्धुली जि.को हरिहरपुरगढी गापा-३ को गुरजीमाडी भन्ने क्षेत्रको पूर्व बनौली,पश्चिम बाग्मती खोला,उत्तर गुरजी डाँडा र दक्षीण बाग्मती खोला भएको चारकिल्ला भित्रको ३६२९-०-०-१.२७ रोपनी वन क्षेत्रमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र स्थापना गर्न राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड,२०७५ को दफा ३ बमोजिमको प्रकृया अगाडी बढाउन स्वीकृति दिने। |
| ९८ | सामाजिक विकास मन्त्रालय | केन्द्रीय खेलकुद प्रतिष्ठान गौरीटार, मकवानपुर र १३ वटै जिल्लामा रहेका खेलकुद विकास समितिका कार्यालय एवम् भौतिक सम्पत्ति प्रदेश सरकारलाई हस्तान्तरणको लागि नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयलाई अनुरोध गर्ने। |

| एजेन्डा | प्रस्ताव पेश गर्ने | निर्णय |
|---|---|---|
| ९९ | सामाजिक विकास मन्त्रालय | सिन्धुपाल्चोक जिल्लास्थित चौतारा साँगाचोकगढी नगरपालिका - ५ स्थित बहुप्राविधिक महाविद्यालय आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना (P१) मा समावेश गर्नको लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस गर्ने। |
| **बैठक संख्या २१/७६ मिति २०७६/०९/१४** | | |
| १०० | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभाको पाँचौं अधिवेशन संवत् २०७६ साल पौष २१ गते सोमवार दिनको ०३:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| **बैठक संख्या २२/७६ मिति २०७६/०९/२१** | | |
| १०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) अध्यादेश, २०७६ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| १०२ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेशभित्र सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| **बैठक संख्या २३/७६ मिति २०७६/०९/२७** | | |
| १०३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने। |
| १०४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मिति २०७६ माघ १० गते प्रदेशभर सोनाम ल्होसार पर्वको उपलक्ष्यमा सार्वजनिक बिदा घोषणा गर्ने। |
| १०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १.प्रस्तावित कुल आयोजना तथा कार्यक्रमहरुमध्ये नेपाल सरकार (मन्त्रिपरिषद्) बाट आ.व. २०७६/७७ मा विशेष अनुदान प्रदान गरेका ५ वटा योजना सहित कुल ७ वटा योजनाहरु प्राथमिकीकरण समेत निर्धारण गरी छनौट गर्ने ।<br>२.छनौट भएका योजनाहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राष्ट्रिय योजना आयोगमा अनलाईन पेश गर्ने। |
| १०६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १.प्रस्तावित कुल ३५ योजना तथा कार्यक्रमहरुमध्ये नेपाल सरकार (मन्त्रिपरिषद्) बाट आ.व. २०७६/७७ मा समपूरक अनुदान प्रदान गरेका ६ वटा योजना सहित कुल १५ वटा योजनाहरु प्राथमिकीकरण समेत निर्धारण गरी छनौट गर्ने ।<br>२.छनौट भएका योजनाहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत राष्ट्रिय योजना आयोगमा अनलाईन पेश गर्ने। |
| १०७ | आर्थिक मामिला तथा योजना मन्त्रालय | चालू आ.व. का लागि प्रदेश सरकारको समपूरक अनुदानबाट सञ्चालन हुने ८१ वटा योजनाहरू स्वीकृत गर्ने। |
| १०८ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयको मिति २०७६/०३/२९ को निर्णयबाट म्याद थप भएका साविक घरेलु तथा साना उद्योग विकास समितिमा कार्यरत ५ जना अस्थायी कर्मचारीलाई २०७६ असार मसान्तसम्मका लागि निरन्तरता दिने। |
| १०९ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रदेश दुग्ध विकास वोर्ड ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ११० | सामाजिक विकास मन्त्रालय | प्रदेश स्वास्थ्य सेवा नियमावली, २०७६ स्वीकृत गर्ने। |
| **बैठक संख्या २४/७६ मिति २०७६/१०/१४** | | |
| १११ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कार्यविवरण अनुसारको कार्य गर्ने गरी प्रदेश सरकारको दोश्रो वार्षिकोत्सव मूल समारोह समिति गठन गर्ने। |
| ११२ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ११३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ११४ | भौतिक पूर्वाधार विकास मन्त्रालय | सियाले-यामुनाडाँडा सडक र बाह्रबिसे-बुदेपा-ट्याङथली-विम्थली-कालिञ्चोक सडक निर्माणको ठेक्काको बोलपत्रदाता श्री सोवर्ण निर्माण सेवालाई बोलपत्र मूल्याङ्कन प्रकृयामा समावेश नगराउने। |
| ११५ | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सर्वजनिक सडक तथा परिवहन पूर्वाधारको सम्बन्धमा बनेको विधेयक प्रदेश सभामा पठाउन स्वीकृत गर्ने । |
| ११६ | सामाजिक विकास मन्त्रालय | प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| **बैठक संख्या २५/७६ मिति २०७६/१०/२८** | | |
| ११७ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नतिजा खाका सहितको बागमती प्रदेशको पहिलो आवधिक योजना (२०७६/०७७ – २०८०/०८१) स्वीकृत गर्ने। |
| ११८ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश अन्तर्गतका सवै निकायका कार्यालयहरूको नाम, लेटरप्याड, छाप लगायतका ढाँचा कार्यान्वयनमा ल्याउने। |
| ११९ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकारको दोस्रो वार्षिकोत्सवाको अवसरमा प्रदेश सरकारका २० जना कर्मचारीलाई जनही रु.२५,०००/- र सम्मान पत्र दिई पुरस्कृत गर्ने र उक्त खर्च मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट व्यहोर्ने। |

| एजेन्डा | प्रस्ताव पेश गर्ने | निर्णय |
|---|---|---|
| १२० | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारको दोस्रो वार्षिकोत्सवाको अवसरमा ५ स्थानीय तहलाई कदर पत्र र अन्य व्यक्ति तथा संस्थाहरुलाई जनही रु.२५,०००/- का साथमा सम्मान पत्र समेत दिने र उक्त खर्च मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट व्यहोर्ने। |
| १२१ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| १२२ | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ अनुसार छनौट भएका कार्यक्रमहरूको लागि प्रदेश विनियोजन ऐन, २०७६ को दफा ५ मा भएको व्यवस्था अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयले जिल्ला समन्वय समिति तथा स्थानीय तहलाई अख्तियारी प्रदान गर्न स्वीकृति दिने। |
| **बैठक संख्या २६/७६ मिति २०७६/१०/१३** | | |
| १२३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय | स्थानीय तहका पदाधिकारी र सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| १२४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १.चालु आ.व.का लागि प्रदेश सरकारको विशेष अनुदानबाट संचालन हुने योजनाहरु स्वीकृत गर्ने।<br>२.स्वीकृत योजनाहरुमा हस्तान्तरण हुने अनुदान रकम दुई किस्तामा निकासा दिने । |
| १२५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | भिमफेदी गाउँपालिकामा रहेको सेठघर हात्तीसार कार्यालयलाई हात्तीसार संग्रहालयको रूपमा व्यवस्थापन गर्न प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत हस्तान्तरण गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने। |
| **बैठक संख्या २७/७६ मिति २०७६/१०/२२** | | |
| १२६ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्माननीय प्रधानमन्त्रीज्यूको स्वास्थ्य लाभको कामना |
| १२७ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जग्गाको स्वामित्व हस्तान्तरण सम्बन्धमा |
| १२८ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सूचनाको हक सम्बन्धी ऐन,२०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्ने स्वीकृति सम्बन्धमा |
| १२९ | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश विशेष अनुदान तर्फका थप योजनाहरू स्वीकृत गर्ने सम्बन्धमा |
| १३० | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश समपुरक अनुदान तर्फका थप योजनाहरू स्वीकृत गर्ने सम्बन्धमा |
| १३१ | आर्थिक मामिला तथा योजना मन्त्रालय | साझा यातायात सहकारी संस्था लिमिटेडमा शेयर लगानी सम्बन्धी निर्णय खारेज गर्ने सम्बन्धमा |
| १३२ | सामाजिक विकास मन्त्रालय | प्रदेशभित्र नोभल कोरोना भाइरसको संक्रमणको रोकथाम तथा नियन्त्रण सम्बन्धमा |
| **बैठक संख्या २८/७६ मिति २०७६/१२/०६** | | |
| १३३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभाको अधिवेशन अन्त्य गर्ने सम्बन्धमा |
| **बैठक संख्या २९/७६ मिति २०७६/१२/११** | | |
| १३४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | बागमती प्रदेश कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष स्थापना गर्ने |
| **बैठक संख्या ३०/७६ मिति २०७६/१२/१४** | | |
| १३५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश समपूरक अनुदान तर्फका थप योजनाहरु स्वीकृत गर्ने सम्बन्धमा |
| १३६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | कोरोना भाईरस (COVID-१९) व्यवस्थापनका लागि अस्पताल सञ्चालानार्थ शसर्त अनुदान |
| १३७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | निरीक्षण अधिकृतको रुपमा काम गर्न तोक्ने सम्बन्धमा |
| १३८ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | थाहा नगरपालिका मार्फत योजना कार्यान्वयन गर्ने सम्बन्धमा |
| **बैठक संख्या ३१/७६ मिति २०७६/१२/१६** | | |
| १३९ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार सहयोग कार्यविधि, २०७६ स्वीकृति सम्बन्धमा |
| **बैठक संख्या ३२/७६ मिति २०७६/१२/१७** | | |
| १४० | आन्तरिक मामिला तथा कानून मन्त्रालय | बागमती प्रदेश कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष खाताको रकम सम्बन्धमा |